**CHECK AGAINST DELIVERY**

UNHCR
The UN Refugee Agency

OHCHR

OCHA
Office for the Coordination of Humanitarian Affairs

**ओएचसीएचआर, युएनएचसीआर र ओसीएचएद्वारा जारी**

**संयुक्त प्रेस वक्तव्य**

**२०६३ मङ्सिर १८**

द्वन्द्वबाट विस्थापित सबै व्यक्तिले सुरक्षित पूर्वक, स-सम्मान र दिगो रूपमा आफूले चाहेमा घर फर्कन पाउनु पर्ने कुरालाई जोड दिन ३ हप्ते आमसंचार अभियानको सुरूवाताका लागि आज तपाईंहरूलाई यहाँ स्वागत गर्न पाउँदा ओएचसीएचआर, युएनएचसीआर र ओसीएचए खुशी छ ।

सरकार र नेकपा-माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौताले विगत एक दशकदेखि हजारौं नेपालीलाई असर गरेको द्वन्द्वको यो लुप्त प्रभावलाई समाधान गर्न पूर्ण अवसर दिएको छ । द्वन्द्वबाट विस्थापितहरूको घर फर्कन पाउने अधिकारको सम्मान गर्न सम्बन्धित पक्षहरू प्रतिबद्ध भएकाले उनीहरूले विस्थापित व्यक्तिहरूका लागि स्वेच्छिक रूपले आफ्ना घर फर्कने अवस्थाहरू वास्तवमैं तयार रहून् भन्ने सुनिश्चित गर्न मिलेर काम गर्न अति आवश्यक छ ।

द्वन्द्वबाट विस्थापित सबैलाई सुरक्षित रूपमा, स-सम्मान, दिगो रूपमा र स्वेच्छिक आधारमा घर फर्कनका लागि यी अवस्थाहरू हुनु पर्दछ । शान्ति सम्झौतामा विस्तृत रूपमा उल्लेख भए झैं, यो दुवै पक्ष, नागरिक समाज र स्थानीय संस्थाहरूको संलग्नतामा संयुक्त प्रयास हुनुपर्छ ।

उदाहरणका लागि, सुरक्षितको अर्थ प्रथमतः विस्थापित व्यक्तिलाई जुन कार्य वा धम्की जसले भाग्न बाध्य गरायो एवं शारीरिक, कानुनी र भौतिक सुरक्षाको खतराबाटको सुरक्षा हो । राजकीय संयन्त्रहरूले फर्किएकाहरूको संरक्षणाका लागि कार्य गर्नु जरुरी छ ।

स-सम्मान यस अर्थमा कि फर्किनका लागि कुनै पनि शर्त नहून् ।

दिगो यस अर्थमा कि जीविकोपार्जन तथा आधारभूत सेवाहरूको न्यूनतम् पहुँच होस् ।

आगामी तीन सातामा नेपाली जनताले सबै तह र तप्काका मानिसहरू द्वन्द्वबाट विस्थापित भएका छन् भन्ने जागरण ल्याउने उद्देश्यले तयार पारिएको एक मिनेटको छोटो सामग्री टेलिभिजनमा हेर्न र रेडियोमा सुन्न पाउनेछन् ।

हजारौं नेपालीहरू ११ वर्षे द्वन्द्वको क्रममा डरत्रास, हिंसा र द्वन्द्वको असरहरूका कारण आफ्ना घरबाट भाग्नुपर्‍यो । विस्थापितहरूको यकिन संख्या पत्ता लगाउन कोही पनि सफल भएका छैनन् । बाँच्नका लागि धेरै विस्थापितहरूले नयाँ समुदायमा मिल्न खोजेका छन् । उनीहरू प्रायःजसो आर्थिक अवसरहरूका खोजि गर्न स्वेच्छाले आफ्नो घर छोडेर हिडेकाहरूको समाजमा मिसिन पुगेका थिए । विगतका वर्षहरूमा सरकारद्वारा प्रदान गरिएको सहयोग र सेवा अत्यन्त कम भएकाले मानिसलाई सरकारी निकायहरूमा दर्ता गर्न वा आफुलाई 'आन्तिरिक रूपमा विस्थापित व्यक्ति' का रूपमा चिनाउनका लागि अत्यन्त थोरै

मात्र प्रोत्साहन दिइएको छ। यसैगरी अरु अत्याचारबाट बच्नका लागि विस्थापित मानिसहरु आफुलाई चिनाउने चाहना राख्दैनथ्ये।

हामीले आमसंचार अभियानमार्फत् देशभरका नेपाली समुदायहरूसँग बाँड्न चाहेको प्रमुख सन्देश के हो भने विस्थापित व्यक्तिहरू सबै किसिमका पृष्ठभूमिबाट आएका छन् र विविध कारणहरूले भागेका छन् - महिला र पुरुष बालबालिका, धनी र गरिब, विविध धार्मिक र जातीय पृष्ठभूमिका। यहाँ केवल एकै किसिमका आन्तरिक रूपमा विस्थापित भएका मानिस छैनन्। साथै, उनीहरूको पृष्ठभूमि जेसुकै भएपनि सबै विस्थापितहरूलाई सुरक्षित, दिगो र स-सम्मान फर्कन पाउने अधिकार छ।

ओएचसीएचआर, युएनएचसीआर र ओसीएचए खुशी व्यक्त गर्दछन् कि विस्तृत् शान्ति सम्झौताामा हस्ताक्षर गरेर दुवै पक्षले विस्थापित व्यक्तिहरूले आफूले चाहेमा आफ्नो घर फर्कन पाउने कुरामा प्रतिवद्धता व्यक्त गरेका छन। विशेषत: दुवै पक्ष अन्तरिम सरकारको गठन र सन् २००७ को जुनमा हुने संविधान सभाको चुनावका लागि तयारी गरेको बेला यस्ता फिर्तीका लागि अवस्थाहरूको सिर्जना गरेर आफ्ना प्रतिबद्धता पुरा गर्न हामी अब उनीहरूलाई आव्हान गर्दछौं।

आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका बारेमा एउटा बृहत् नीतिमा पनि उनीहरु वीच सहमति हुनु पर्छ। यो नयाँ नीति अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार हुनु र उक्त नयाँ नीतिले द्वन्द्वका दुवै पक्षद्वारा नेपालमा मानिसहरू विस्थापित भएका छन् भन्ने कुरालाई स्वीकार्नु विशेषत: महत्वपूणँ छ। अर्को कुरा, यो नीतिको कार्यान्वयन एकदमै आवश्यक छ जसको अर्थ हो फर्कन चाहनेहरूलाई सहयोग गर्नका लागि गाउँ र जिल्ला तहका निकायहरूलाई स्पष्ट निर्देशन र पर्याप्त श्रोतहरू हुनुपर्छ।

विस्तृत् शान्ति सम्झौतामा अभिव्यक्त प्रतिवद्धताहरूको अर्थ हो-सबै विस्थापितको स्वेच्छाले सुरक्षितपूर्वक र स-सम्मान फर्कन पाउने अधिकारलाई अवरोध पुऱ्याउन सक्ने सबै क्रियाकलापको अन्त्य हुनु पर्छ। उदाहरणका लागि, यस्ता क्रियाकलापमा कुनै विस्थापितलाई फर्कन नदिने वा फर्केपछि सर्तहरू राख्ने (जस्तो कुनै सार्वजनिक वा अर्धन्यायिक निकायमा उपस्थित हुने पर्ने वा पश्चाताप व्यक्त गर्ने) कुराहरू पर्दछन्।

दिगो फिर्तीलाई सुनिश्चित गर्न र न्यायका सर्वमान्य सिद्धान्तहरूको सम्मान गर्दै विस्थापित व्यक्तिले क्षति भएको आफ्नो जग्गा, घर वा कुनै सम्पत्तिको क्षतिपूर्तिको माग गर्न पाउनु पर्छ। अन्तराष्ट्रिय मापदण्डहरूअनुसार यस्ता क्षतिपूर्तिको मागसम्बन्धी निर्णय विस्थापित जनसंख्याको विश्वासप्राप्त स्वतन्त्र र निष्पक्ष निकायले गर्नु पर्छ। र, यसको कार्यविधि बदला र भेदभावको भयबाट मुक्त र सबैको पहुँच पुग्ने खालको हुनुपर्छ।

पहिलो, नेपालमा द्वन्द्वका कारण विस्थापित भएका मानिसहरू जीवनका हरेक पक्षबाट, सबै सामाजिक र राजनीतिक पृष्ठभूमिका छन्।

दोश्रो, मानिसहरूको पृष्ठभूमि जेसुकै भएपनि, उनीहरूलाई सुरक्षित र स-सम्मा घर फर्कन पाउने अधिकार छ र फर्केपछि आफ्नो अधिकारको रक्षा हुन्छ भन्ने जान्न पाउने अधिकार छ।

त्यसैले, हामी सरकार र नेकपा-माओवादीलाई विस्तृत् शान्ति सम्झौतमार्फत् आफुले व्यक्त गरेका प्रतिवद्धता पुरा गर्न र हजारौ नेपालीको विस्थापनको समस्यालाई अन्त्य गर्नका लागि मिलेर काम गर्न आव्हान गर्दछौं।

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org**